# लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

# स्थानीय राजपत्र

खण्ड ३ | संख्या : १, नुवाकोट | साउन १ गते, २०७६ साल

## भाग १

## लिखु गाउँपालिका

# लिखु गाउंपालिकाको आर्थिक ऐन, २०७६

गांउ सभाबाट स्वीकृत मिति : २०७६।०३।१०

**प्रस्तावनाः** लिखु गाउँपालिकाको आर्थिक वर्ष २०७६।२०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम लिखु गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लिखु गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि लिखु गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर:**लिखु गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**लिखु गाउँपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०७६।२०७७ देखिभूमि कर (मालपोत) लगाइने छैन। तर बिगत बर्षमा असूल गर्न बाँकी मालपोत **बक्यौता** साविककै दरले असुल गरिनेछ ।

४. **घर वहाल करः** लिखु गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:**लिखु गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:**लिखु गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः लिखु** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** लिखु गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:** लिखु गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:**लिखु गाउँपालिकाक्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** लिखु गाउँपालिकाक्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुर:** लिखु गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**सम्पत्तिकरका दरहरु**

| क्र.सं. | सम्पत्तिको मुल्यांकन | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु.१ देखि रु.५० हजारसम्म | २५।०० | |
| २ | रु. ५० हजार भन्दा माथि रु. १ लाखसम्म | ५०।०० | |
| ३ | रु. १ लाख भन्दा माथि रु. ३ लाखसम्म | ७०।०० | |
| ४ | रु. ३ लाख भन्दा माथि रु. ४ लाखसम्म | ८०।०० | |
| ५ | रु. ४ लाख भन्दा माथि रु. ५ लाखसम्म | १००।०० | |
| ६ | रु. ५ लाख भन्दा माथि रु. ६ लाखसम्म | ११०।०० | |
| ७ | रु. ६ लाख भन्दा माथि रु. ७ लाखसम्म | १३०।०० | |
| ८ | रु. ७ लाख भन्दा माथि रु. ८ लाखसम्म | १४०।०० | |
| ९ | रु. ८ लाख भन्दा माथि रु. १० लाखसम्म | १६०।०० | |
| १० | रु. १० लाख भन्दा माथि रु. १२ लाखसम्म | २००।०० | |
| ११ | रु. १२ लाख भन्दा माथि रु. १४ लाखसम्म | २२०।०० | |
| १२ | रु. १४ लाख भन्दा माथि रु. १६ लाखसम्म | २५०।०० | |
| १३ | रु. १६ लाख भन्दा माथि रु. १८ लाखसम्म | २८०।०० | |
| १४ | रु. १८ लाख भन्दा माथि रु. २० लाखसम्म | ३००।०० | |
| १५ | रु. २० लाख भन्दा माथि रु. २२ लाखसम्म | ३५०।०० | |
| १६ | रु. २२ लाख भन्दा माथि रु. २४ लाखसम्म | ४००।०० | |
| १७ | रु. २४ लाख भन्दा माथि रु. २६ लाखसम्म | ५००।०० | |
| १८ | रु. २६ लाख भन्दा माथि रु. २८ लाखसम्म | ६००।०० | |
| १९ | रु. २८ लाख भन्दा माथि रु. ३० लाखसम्म | ७५०।०० | |
| २० | रु. ३० लाख भन्दा माथि रु. ३३ लाखसम्म | ८००।०० | |
| २१ | रु. ३३ लाख भन्दा माथि रु. ३५ लाखसम्म | ९००।०० | |
| २२ | रु. ३५ लाख भन्दा माथि रु. ३७ लाखसम्म | १०००।०० | |
| २३ | रु. ३७ लाख भन्दा माथि रु. ३८ लाखसम्म | १२००।०० | |
| २४ | रु. ३८ लाख भन्दा माथि रु. ४० लाखसम्म | १५००।०० | |
| २५ | रु. ४० लाख भन्दा माथि रु. ४२ लाखसम्म | १७००।०० | |
| २६ | रु. ४२ लाख भन्दा माथि रु. ४४ लाखसम्म | १८००।०० | |
| २७ | रु. ४४ लाख भन्दा माथि रु. ४६ लाखसम्म | २०००।०० | |
| २८ | रु. ४६ लाख भन्दा माथि रु. ४८ लाखसम्म | २२००।०० | |
| २९ | रु. ४८ लाख भन्दा माथि रु. ५० लाखसम्म | २५००।०० | |
| ३० | रु. ५० लाख भन्दा माथि रु. ५३ लाखसम्म | २७००।०० | |
| ३१ | रु. ५३ लाख भन्दा माथि रु. ५५ लाखसम्म | ३०००।०० | |
| ३२ | रु. ५५ लाख भन्दा माथि रु. ५७ लाखसम्म | ३५००।०० | |

| | | | |
|---|---|---|---|
| ३३ | रु. ५७ लाख भन्दा माथि रु. ६० लाखसम्म | ३८००।०० | |
| ३४ | रु. ६० लाख भन्दा माथि रु. ६२ लाखसम्म | ४०००।०० | |
| ३५ | रु. ६२ लाख भन्दा माथि रु. ६५ लाखसम्म | ४३००।०० | |
| ३६ | रु. ६५ लाख भन्दा माथि रु. ६७ लाखसम्म | ४८००।०० | |
| ३७ | रु. ६७ लाख भन्दा माथि रु. ८० लाखसम्म | ५०००।०० | |
| ३८ | रु. ८० लाख भन्दा माथि रु. ८५ लाखसम्म | ५५००।०० | |
| ३९ | रु. ८५ लाख भन्दा माथि रु. ९० लाखसम्म | ६०००।०० | |
| ४० | रु. ९० लाख भन्दा माथि रु. १ करोड सम्म | ७,०००।०० | |
| ४१ | रु. १ करोड भन्दा माथि रु. १ करोड २० लाख सम्म | ८,०००।०० | |
| ४२ | रु. १ करोड २० लाख भन्दा माथि रु. १ करोड ५० लाख सम्म | ९,०००।०० | |
| ४३ | रु. १ करोड ५० लाख भन्दा माथि रु. १ करोड ८० लाख सम्म | १०,०००।०० | |
| ४४ | रु. १ करोड ८० लाख भन्दा माथि रु. २ करोडसम्म | १२,०००।०० | |
| ४५ | रु. २ करोड भन्दा माथि रु. २ करोड ३० लाख सम्म | १५,०००।०० | |
| ४६ | रु. २ करोड ३० लाख भन्दा माथि रु. २ करोड ५० लाख सम्म | १८,०००।०० | |
| ४७ | रु. २ करोड ५० लाख भन्दा माथि रु. २ करोड ७५ लाख सम्म | २०,०००।०० | |
| ४८ | रु. २ करोड ७५ लाख भन्दा माथि रु. ३ करोडसम्म | २२,०००।०० | |
| ४९ | रु. ३ करोड भन्दा माथि रु. ३ करोड २५ लाख सम्म | २५,०००।०० | |
| ५० | रु. ३ करोड २५ लाख भन्दा माथि रु. ३ करोड ५० लाख सम्म | २८,०००।०० | |
| ५१ | रु. ३ करोड ५० लाख भन्दा माथि रु. ३ करोड ७५ लाख सम्म | ३२,०००।०० | |
| ५२ | रु. ३ करोड ७५ लाख भन्दा माथि रु. ४ करोड सम्म | ३५,०००।०० | |
| ५३ | रु. ४ करोड भन्दा माथि रु. ४ करोड ५० लाख सम्म | ४०,०००।०० | |
| ५४ | रु. ४ करोड ५० लाख भन्दा माथि रु. ५ करोडसम्म | ४५,०००।०० | |
| ५५ | रु. ५ करोड भन्दा माथि ०.११ प्रतिशतका दरले कुल मुल्यमा | | |

एकीकृत सम्पत्तीकर प्रयोजनका लागि घर संरचनाको मुल्यांकन तथा ह्रास कट्टी दर

| सि.नं. | संरचनाको किसिम | २०७६।०७७ को लागि निर्धारित दर | | कैफियत |
|---|---|---|---|---|
| | | मूल्यांकन दर प्रति वर्गफिट | ह्रास कट्टी प्रति बर्ष प्रतिशत | |
| १ | आर.सि.सि. पक्की घर | ११००।०० | १ | |
| २ | सिमेन्ट जोडाई, जस्ताको छाना | ५००।०० | २ | |
| ३ | ढुंगा माटो जोडाई कच्ची घर | ३००।०० | ३ | |
| ४ | लिफ्ट एक्सलेटर जडान गरेका आर.सि.सि. घर | १६५०।०० | १ | |
| ५ | स्टिल फ्रेम स्टक्चर तथा फ्याब्रिक्स | १३००।०० | १ | |

नोट: १. उपरोक्त करको दर निर्धारण गर्ने प्रयोजनको लागि आ.ब.२०७६।०७७ को हकमा नुवाकोटको न्यूनतम मूल्यांकन समितिले निर्धारण गरेको जग्गाको मूल्यलाई न्यूनतम आधार मानिने र घरको हकमा घरको भुईतलाको क्षेत्रफललाई तला संख्याले गुणन गरी आउने क्षेत्रफल (वर्ग फिट) का आधारमा  मूल्यांकन गरी कूल सम्पत्तिको मूल्यांकन कायम गरिनेछ ।

२. गाउँपालिकाबाट निर्माण भई सञ्चालनमा आएका ग्रामीण मोटबाटोको जिल्ला दररेट समिति, नुवाकोटले समेट्न नसकेका मोटरबाटोले छोएका जग्गाको दर तीन लाख मानी सम्पत्तिको मूल्याङ्कन कायम गरिनेछ ।

३. लोकमार्ग छह्रेदेखि बर्राफेदी शेरा सम्मको एक रोपनी सम्म घडेरी मानेर अन्य जग्गालाई खेतीयोग्य जमिन सरह सम्पत्तिमा मूल्यांकन गरी कर असूल गरिनेछ ।

अनुसूची २

(दफा ४ सँग सम्बन्धित)

**बहाल करको दर रेट**

१. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका घर पसल, ग्यारेज, गोदाम टहरा, सेड कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा लगाएको वा दिएको भए धनीबाट देहाएको दरले बहाल कर

| क.सं. | विवरण | प्रति महिना करको दर | |
|---|---|---|---|
| | | प्रति सटर रु. | प्रति कोठा |
| १ | मध्य पहाडी लोकमार्गमा मोहडा पर्ने छह्रे देखि थानसिंको गेटसम्म | ५०।०० | ३०।०० |
| २ | मध्य पहाडी लोकमार्गमा मोहडा ढिकुरे बजार (तादी पुल देखी प्रहरी चौकीसम्म) | ५०।०० | ३०।०० |
| ३ | ढिकुरे देखी खरानीटार जाने बाटोको चोक देखी पूर्व पुलसम्ममा मोहडा पर्ने | ४०।०० | २५।०० |
| ४ | मध्य पहाडी लोकमार्गमा मोहडा पर्ने अन्य | ४०।०० | २५।०० |
| ५ | चौघडा बजार क्षेत्र पुल देखी आँप्र जाने मुलबाटोमा मोहडा पर्ने | ३५।०० | २५।०० |
| ६ | मध्य पहाडी लोकमार्गसँग जोडिने ग्रामिण सडकमा मोहडा पर्ने | ३०।०० | २०।०० |
| ७ | ग्रामिण कच्चीबाटोमा मोहडा पर्ने वा बाटोमा मोहडा नपर्ने | २०।०० | १५।०० |

उठाइने छ ।

२. गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमोजिम प्रतिश्पर्धात्मक विधीबाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ ।

अनुसूची ३

(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय करको दररेट**

लिखु गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेसा गर्दा व्यापार व्यवसाय वा पेसामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय वमोजिमव्यवसाय कर असुल गरिनेछ ।

| क्र.सं. | व्यवसायको किसिम | ठूला व्यवसाय/ उद्योग | थोक/ मझौला | खुद्रा/लघु/ घरेलु |
|---|---|---|---|---|
| व्यापारिक बस्तुहरु | | | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | १०००० | ४००० | २००० |
| २ | मदिरा, वियर, कोल्ड ड्रिक्स | २०००० | ५००० | ३००० |
| ३ | मदिरा, वियर र नास्ता, खाना सहितको होटल | १०००० | ७००० | ३००० |
| ३क | चिया नास्ता पसल | | | १००० |
| ४ | सुनचाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | ७००० | ५००० | ३००० |
| ५ | स्टेशनरी तथा पुस्तक | | २००० | १००० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | ८००० | ५००० | ३००० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | | ५००० | १००० |
| ८ | कम्प्युटर, फोटोकपी लगायत सो सामान विक्री वितरण गर्ने पसल | ८००० | ५००० | ३००० |
| ९ | पेट्रोल पम्प प्रति पम्प(डिजेल, मट्टितेल समेत) | | | १०००० |
| १० | सवारी साधन जीप,कार, ठुला सवारी साधन विक्रेता | २०००० | १५००० | १०००० |
| ११ | सवारी साधन, मोटर साईकल, स्कुटर र पार्टस विक्री | १५००० | ५००० | ३००० |
| १२ | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | १०००० | ५००० | २००० |
| १३ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | | | २००० |
| १४ | साइकल पसल, तथा मर्मत | | | १००० |
| १५ | गिफ्ट सप | | | १००० |
| १६ | टिनको बाकस , फर्निचर | | | २००० |
| १७ | बेत, बासको फर्निचर बनाउने | | | २००० |
| १८ | एग्रोभेट, भेटिनरी | | ५००० | २००० |
| १९ | अन्य पसल | | ५००० | २००० |
| दैनिक उपभोगजन्य पदार्थहरु | | | | |

| | | | | |
|---|---|---|---|---|
| २० | कपडा पसल, फेन्सी स्टोर | ५००० | ३००० | २००० |
| २१ | खाद्यान्न किराना पसल | ३००० | २००० | १००० |
| २२ | भाडा पसल | ५००० | ३००० | २००० |
| २३ | किराना लगायतको घुम्ती पसल | | | ५०० |
| २४ | खाद्यान्न खरिद विक्री | ५००० | २००० | १००० |
| २५ | कपडा सर्टिङ सुटिङ, सिलाई | २००० | १००० | ५०० |
| २६ | मैनवत्ती उद्योग | | | ५०० |
| २७ | दुग्ध उद्योग, डेरी उद्योग | | | ४००० |
| २९ | पानी सम्बन्धी उद्योग | ८००० | ५००० | २००० |
| निर्माण सेवा | | | | |
| ३० | हार्डवेयर पसल | ८००० | ६००० | ५००० |
| ३१ | सिमेन्ट र फलामे डण्डी, अलग्गै बिक्र गर्ने | ५००० | ३००० | २००० |
| ३२ | शिसा प्लाइउड सनमाईका रंग रोगन तथा स्यानिटरीका सामान वेच्ने | ८००० | ५००० | २००० |
| ३३ | बिजुलीका सामानहरु | | २००० | १००० |
| ३४ | गिटी ढुंगा, बालुवा, इटा डिपो | १०००० | ७००० | ३००० |
| ३५ | क्रसिंङ उद्योग | ५०००० | | |
| ३५क | बालुवा प्रशोधन उद्योग | ३०००० | | |
| ३६ | काठ मिल | १०००० | ७००० | ५००० |
| ३७ | निर्माण व्यवसायी घ वर्ग (नयाँ दर्ता) | | | १०००० |
| | निर्माण व्यवसायी घ वर्ग (नविकरण असोज मसान्त सम्म) | | | ५००० |
| | निर्माण व्यवसायी घ वर्ग ( नविकरण कार्तिक देखि चैत सम्म) | | | १०००० |
| | निर्माण व्यवसायी घ वर्ग (प्रतिलिपि दस्तुर) | | | १००० |
| ३८ | केबुलकार, रोपवे, ट्रलिबस, फलाइङ ब्रिज जस्ता उद्योग | | ७००० | |
| ३९ | निर्माण उपकरण जे.सि.वी., एक्साभेटर, रोलर, ट्रिपर आदि | ५ भन्दा माथि रु.३०००० | २ देखि ५ सम्म रु.१०००० | एकमात्र ट्रक रु. ५००० |
| ४० | मिक्सर, थ्रेसर | | | ३००० |
| ४१ | ह्युमपाइप, ब्लक, टायल, कुवाको रिङ लगायत निर्माण | १०००० | ८००० | ३००० |
| ४२ | इटा उद्योग | ५०००० | | १०००० |
| कृषि तथा पशुजन्य व्यवसाय | | | | |
| ४३ | ह्याचरी उद्योग | १०००० | ७००० | ५००० |
| ४४ | पोल्ट्री फर्म | ५००० | ३००० | १००० |
| ४५ | माछा पालन | ५००० | ३००० | १००० |
| ४६ | गाई भैसी पालन | ५००० | ३००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ४७ | मासु पसल, माछा पसल | ५००० | ३००० | १००० |
| ४८ | पशु पंक्षी बधशाला | १०००० | ८००० | २००० |
| ४९ | तरकारी फलफूल पसल | | १५०० | ५०० |
| ५० | चामल मिल , च्युरा मिल | ७००० | ५००० | २००० |
| ५१ | तेल मिल | ७००० | ५००० | २००० |
| ५२ | कुटानी पिसानी घरेलु उद्योग | | | १५०० |
| ५३ | मसला पिस्ने घरेलु उद्योग | | | १००० |
| ५४ | नर्सरी फलफूल, फूल | | | २००० |
| ५४क | कृषि फर्म | ७००० | ५००० | २००० |
| ५५ | चिस्यान केन्द्र (निजी) | | १०००० | |
| ५६ | चिस्या केन्द्र (सामुदायबाट संचालित) | | ५००० | |
| सेवा उद्योग | | | | |
| ५७ | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट | | | ३००० |
| ५८ | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | | | २००० |
| ५९ | डिजिटल फोटोल्याव | | | १००० |
| ६० | फोटो स्टुडियो मात्र | | | १००० |
| ६१ | फोटोकपी, प्रिन्ट सेवा | | | १००० |
| ६२ | होटल लज सहितको | १०००० | ५००० | ३००० |
| ६३ | चलचित्र घर | | १०००० | ५००० |
| ढुवानी व्यवसाय | | | | |
| ६४ | ट्रक व्यवसाय (संख्या अनुसार) | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.७००० | एकमात्र ट्रक रु. २००० |
| ६५ | ट्रिपर, जीप, पिक अप मिनि ट्रक, ट्राक्टर | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.७००० | एकमात्र ट्रक रु. २००० |
| ६६ | पावर ट्रिलर, ट्रली, ठेला गाडी | | | ५०० |
| सञ्चार सेवा | | | | |
| ६८ | एफ एम १०० वाटसम्मको | | | ३००० |
| ६९ | स्थानीय पत्रपत्रिका | | | १५०० |
| ७० | इन्टरनेट इमेल, साइवर सेवा | | | ५०० |
| ७१ | कुरीयर सेवा सञ्चालन | | | ५०० |
| वित्तिय सेवा | | | | |
| ७२ | नेपाल सरकारको स्वामित्व बाहेकका बैंक | | | ५००० |
| ७३ | मनिट्रान्सफर, मनी एक्सचेन्जर | | | २००० |

| | | | | |
|---|---|---|---|---|
| ७४ | वित्तिय कम्पनी | | | ५००० |
| ७५ | बिमा कम्पनी (जीवन,निर्जीवन) | | | ५००० |
| ७६ | सहकारी (कृषि, महिला) | | | १००० |
| ७७ | बचत तथा ऋण सहकारी | | | ३००० |
| स्वास्थ्य सेवा | | | | |
| ७८ | नर्सिङ होम (१० सैया माथि र १० सैया मुनीका) | | ७००० | ५००० |
| ७९ | क्लिनिक तथा ल्याब | | | २००० |
| ८० | फार्मेसी, औषधी पसल | | ३००० | २००० |
| ८१ | डाक्टर परामर्श सेवा | | | ३००० |
| शिक्षा सेवा | | | | |
| ८२ | आवासीय विद्यालय (सामुदायिक विद्यालय बाहेक), | कलेज रु. १०००० | मा.वि. रु. ७००० | आधारभुत ५००० |
| ८३ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | | | ३००० |
| ८४ | टिउसन सेन्टर, कोचिङ सेन्टर | | | २००० |
| ८५ | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | | | २००० |
| अन्य व्यवसाय | | | | |
| ८६ | व्युटिपार्लर | | | ५०० |
| ८७ | ग्रिल उद्योग | | | ४००० |
| ८८ | टायर रिसोलिङ | | | ४००० |
| ८९ | हेयर कटिङ | | | ५०० |
| ९० | कवाडी | | | १००० |
| ९१ | ग्यास लगायत किचनरी सामग्रीहरु | | | ३००० |
| ९२ | सावुन उद्योग | १०००० | ५००० | ३००० |
| ९३ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा | | १०००० | ५००० |
| ९४ | सूचना प्रविधि कन्सल्टेन्सी सेवा | | १०००० | ५००० |
| ९५ | अन्य कन्सल्टेन्सी सेवा | | ७००० | ३००० |
| ९७ | स्वीमिङ पुल सेवा | | | ३००० |
| ९८ | नेटवर्किङ, इन्टरनेट सेवा | | | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ९९ | ट्राभल एजेन्सी | | १०००० | |
| १०० | ढलान र सर्टिङ सामान भाडामा दिने | | | ३००० |
| १०१ | निर्माण व्यवसायी | "क" बर्गको २००००।०० | "ख" बर्गको १५०००।०० | "ग" वा सो भन्दा मुनीको १००००।०० |
| १०२ | लेखा परीक्षण सेवा | "क" बर्गको ७०००।०० | "ख" बर्गको ५०००।०० | "ग" वा सो भन्दा मुनीको २०००।०० |
| १०३ | कागज फ्याक्ट्री | | १००००।०० | |
| १०४ | कपडा उद्योग | | १००००।०० | ३०००।०० |
| १०५ | ह्याण्डी क्राफ्ट | | | २०००।०० |
| १०६ | गारमेण्ट उद्योग | | ८०००।०० | ४०००।०० |
| १०७ | ट्ली तथा ट्रस उद्योग | | ८०००।०० | ४०००।०० |

१. उपरोक्त व्यवसाय दर्ता गर्दा अन्य संघीय वा प्रदेश कानूनले व्यवस्था गरेकोमा सोही बमोजिम हुने र त्यस्तो व्यवस्था नभएको हकमा उल्लिखित दरको थप २५ प्रतिशत व्यवसाय दर्ता शुल्क लगाईनेछ ।
२. उल्लिखित वर्गीकरणमा नपर्ने उद्योगको प्रकृति हेरी बार्षिक ५ सय देखि ५००० सम्म कर लगाउने निर्णय अध्यक्षले गर्नेछ । बार्षिक ५००० भन्दा माथि कर लगाउनु परेमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने ।

अनुसूची ४

(दफा ६ सँग सम्बन्धित)

**जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू**

| क्र.सं. | व्यवसाय विवरण | प्रति बर्ष करका दरहरु |
|---|---|---|
| कबाडी कारोबार | | |
| १ | प्लाष्टिक , कागज आदिमा | ५००० |
| २ | अन्य कबाडी सबै | ७००० |
| जडीबुटीमा | | |
| ३ | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी | ३००० |
| ४ | च्याउजन्य जडिबुटी व्यापार | ४००० |
| ५ | सल्ले खोटो व्यवसाय | ८००० |
| ६ | अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । | |

गाँउपालिकाबाट निकासी हुने कवाडी सामानहरुमा देहाय बमोजिम निकासी कर लगाउनेछ ।

ब्लक प्रति गोटा ५० पैसा

पानी प्रति लिटर १५ पैसा

पानी प्रति जार रु १ (एक)

मदिरा सिसी प्रतिगोटा ५ पैसा

प्लाष्टिक पदार्थ प्रति केजी ५ पैसा

फलाम प्रति केजी २ रुपैया

सिलौट जस्ता प्रति केजी २ रुपैया

तामा पित्तल प्रति केजी ३० रुपैया

कागज प्रति केजी २५ पैसा

हाडसिंङ खोर प्वाख प्रति केजी २ रुपैया

इट्टा प्रति गोटा २५ पैसा

इनारको रिङ प्रतिगोटा ५ रुपैया

अनुसूची ५

(दफा ७ सँग सम्बन्धित)

**सवारी साधन करका दरहरू**

सरकारी स्वामित्व भन्दा बाहेकका देहायका निजी तथा व्यवसायीक प्रयोजनका गाउँपालिकाको क्षेत्र भित्र दर्ता भएका वा सञ्चालन हुने सवारी साधनलाई गाउँपालिकाले निम्नानुसार कर लगाउनेछ।

| क्र.सं. | सवारीको किसिम | बार्षिक सवारी कर (आ.व. २०७६।७७) |
|---|---|---|
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | २०००।०० |
| २ | कार, जीप ( भाडाको ) | १०००।०० |
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | ६००।०० |
| ४ | भाडाको माइक्रो बस | ८००।०० |
| ५ | निजी प्रयोजनको कार, जीप | १०००।०० |
| ६ | मोटर साईकल, स्कुटर | ५००।०० |
| ७ | ट्रेक्टर | १५००।०० |
| ८ | मिनिट्रक, पिकअप जिप, | १५००।०० |
| ९ | रिक्सा, ठेला, ट्रली | १००।०० |
| १. उपरोक्त सवारी साधन दर्ता गर्दा उल्लिखित दरमा २५ प्रतिशत रकम थप गर्दा हुन आउने रकम दर्ता शुल्क लाग्नेछ। तर, संघीय वा प्रदेश कानूनले सवारी साधनको दर्ता शूल्क सम्बन्धमा अन्यथा व्यवस्था गरेमा सोही बमोजिम हुनेछ। | | |

अनुसूची ६

(दफा ८ सँग सम्बन्धित)

**विज्ञापन करका दरहरू**

| क.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | होडिङवोर्ड प्रति वर्गफिट | २५।०० |
| २ | भित्ते लेखन | १०।०० |
| ३ | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | ५।०० |
| ४ | माइकिङ, प्रचार (प्रति दिन) | १००।०० |
| ५ | अस्थायी गेट निर्माण -प्रति गेट) | २००।०० |

१. मादक पदार्थ र धुम्रपानको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ ।

२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन ।

अनुसूची ७

(दफा ९ सँग सम्बन्धित)

**मनोरञ्जन** कर**का दरहरू**

| क.सं. | व्यवसाय विवरण | २०७४।०७५ |
|---|---|---|
| १ | सिनेमा हल प्रतिबर्ष | ५०००।०० |
| २ | केबुल लाईन | ७०००।०० |
| ३ | ३ डि सिनेमा हल | ८०००।०० |
| ४ | रमाइलो मेला प्रति दिन | १०००।०० |
| ५ | कन्सर्ट, दोहोरी गित आदि प्रति पटक | १०००।०० |
| ६ | पिकनिक स्पट | ५००।०० |
| ७ | चलचित्र सुटिङ्ग | |
| | नेपाली | १०००।०० |
| | विदेशी | २०००।०० |

अनुसूची ८

(दफा १०सँग सम्बन्धित)

**बहाल बिरौट शुल्कका दरहरु**

गाउँपालिका वा अन्तरगतका सरकारी निकायले आफ्नो रेखदेखमा रहेको सार्वजनकि सडक, बाटो, चौरमा रहेका हाट बजार, कठघरा, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल थाप्न दिए बापत देहाय बमोजिमको मासिक बहाल विरौट शुल्क लिइने छ ।

| क्र.सं. | विवरण | प्रति वर्ग फिट दर रु. |
|---|---|---|
| १ | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ ढिकुरे ताँदी पुलदेखि प्रहरी चौकी र थानसिं क्षेत्रको थानसिं गेट देखि छह्रे सम्ममा रहेको अस्थायी पसल | १०।०० |
| २ | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ रहेको अन्य ऐलानी जग्गामा टहरो , कठघरा | ७।०० |
| ३ | राजमार्ग तथा मुख्य सडकमा जोडिने सडकको दाँयाबाया रहेको टहरो, कठघरा | ५।०० |
| ४ | ग्रामिण सडकको दायाँबायाँ रहेका टहरो र कठघरा | ३।०० |
| ५ | मन्दिर, गुम्बा वा धार्मिक स्थलमा रहेका अस्थायी पसल | ३।०० |
| ६ | वन क्षेत्र, खाली ऐलानी जग्गा, खोलाको तिर वा बगरमा रहने पसल वा रेष्टुरेण्ट वा व्यवसाय वा घाटगद्दी आदिको | ३।०० |

## अनुसूची ९

(दफा ११सँग सम्बन्धित)

### पार्किङ शुल्क

गाउँपालिकाको क्षेत्रभित्रका सार्वजनिक चौर, बजारको सार्वजनिक खाली क्षेत्र वा अन्य सार्वजनिक पार्किङ स्थलमा देहायबमोजिमको पार्किङ शूल्क लिन सक्नेछ ।

| क.सं. | सवारी साधनको किसिम | पार्किङ शुल्क |
|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, हेभी गाडी | २५।०० |
| २ | टि्पर, मिनी ट्रक, पिकअप, माईक्रो, भ्यान, जिप, कार, ट्याक्सी, | २०।०० |
| ३ | मोटर साईकल, स्कुटर, पावरटि्लर | १०।०० |

अनुसूची १०

(दफा १२ सँग सम्बन्धित)

# सेवा शुल्क दस्तुर

| **(क) सडक मर्मत शुल्क** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सवारीको किसिम | बार्षिक सडक मर्मत शुल्क (आ.व. २०७६।०७७) | | |
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | १०००।०० | | |
| २ | कार, जीप ( भाडाको ) | ५००।०० | | |
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | १००।०० | | |
| ४ | माइक्रो बस | ५००।०० | | |
| ५ | निजी प्रयोजनको कार, जीप | ३००।०० | | |
| ६ | मोटर साईकल, स्कुटर | १००।०० | | |
| ७ | ट्रेक्टर | २०००।०० | | |
| ८ | मिनिट्रक, पिकअप जिप, | २०००।०० | | |
| **(ख) नक्सापास दस्तुर** | | | | |
| | संरचनाको प्रकार | नक्सापास क्षेत्र अनुसार को दस्तुर रु. (प्रति वर्गफिट) | | |
| | | "क" | "ख" | "ग" |
| १. | **आर.सि.सि. मल्टिप्लेक्स व्यवसायिक भवन, लिफ्ट जडान हुने** | | | |
| | अन्डर ग्राउण्ड भुई तला र पहिलो तलामा | ६।०० | ५।०० | ४।०० |
| | दोश्रो तला | ६।०० | ५।०० | ४।०० |
| | तेश्रो तला | ७।०० | ६।०० | ५।०० |
| | चौथो तला | ८।०० | ७।०० | ६।०० |
| | पाँचौ तला | ९।०० | ८।०० | ७।०० |
| | छैठौ तला वा सो भन्दा माथि | १०।०० | ९।०० | ९।०० |
| | **आर.सि.सि. सिमेन्टमा जोडाइ भएको घर** | "क" | "ख" | "ग" |

| | | | | |
|---|---|---|---|---|
| २. | अण्डर ग्राउण्ड, भुई तला र पहिलो तलामा | ५।०० | ४।०० | ३।०० |
| | दोश्रो तला | ५।५० | ४।५० | ३।५० |
| | तेश्रो तला | ६।०० | ५।०० | ४।०० |
| | चौथो तला | ७।०० | ६।०० | ५।०० |
| | पाँचौ तला | ८।०० | ७।०० | ६।०० |
| | छैठौ तला वा सो भन्दा माथि | १०।०० | ९।०० | ९।०० |
| ३. | **जस्ता वा अन्य छानो भएको पक्की इटा, ढुंगामा सिमेन्टको जोडाई भएको घर** | "क" | "ख" | "ग" |
| | भुई तला र पहिलो तलामा | ४।०० | ३।५० | ३।०० |
| | दोश्रो तला | ४।५० | ४।०० | ३।५० |
| ४. | **माटोको जडाइमा इटा वा ढुंगाको गारो वा आ.सि.सि., आर.वि.सी. जस्ता सड निर्माण** | "क" | "ख" | "ग" |
| | भुई तला र पहिलो तलामा | ३।०० | २।०० | २।०० |
| | दोश्रो तला | ३।५० | २।५० | २।५० |
| ५. | अस्थायी घर निर्माण (खपडा, फुस, छाना, प्लाष्टिक) प्रति घर | | | १५०।०० |
| ६ | ले-आउट दस्तुर प्रतिघर | | | ४००।०० |
| ७ | घरको नक्सा प्रतिलिपी दस्तुर एकमुष्ठ | | | ४००।०० |
| ८ | घर सम्पन्न निरीक्षण दस्तुर | | | ४००।०० |
| ९ | नक्सा नामसारी दस्तुर ( नक्सा पासको लागि लाग्ने दस्तुरको) | | | ३० प्रतिशत |

(क) बिना इजाजत गाउँपालिका क्षेत्रमा घर बनाई पछि नक्सा पास गराउने आएमा प्राविधिकले निरीक्षण गरी नक्सा पास गर्न मिल्ने भए सो अवस्थामा तोकिएको दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(ख) नक्सापास क्षेत्र "क" भन्नाले मध्यपहाडी लोकमार्ग (छहरे देखि शेरा सडक) मा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ । नक्सापास क्षेत्र "ख" भन्नाले मध्यपहाडी लोकमार्ग (छहरे देखि शेरा सडक) सँग मोहडा नभएको दायाँबायाँ २०० मिटरको समथर भुभाग र मध्यपहाडी लोकमार्ग (छहरे देखि शेरा सडक) मा जोडिने अन्य सडमा मोहडा भई मुल सडक(छहरे देखि शेरा सडक) को १ किलोमिटर दुरीभित्र पर्ने क्षेत्रलाई जनाउँछ । नक्सापास क्षेत्र "ख" भन्नाले नक्सापास क्षेत्र "क" र "ख" भन्दा बाहेकको क्षेत्रलाई बुझाउँछ ।

**(ग) प्लटिङ गर्दा लाग्ने दस्तुर**

| | | |
|---|---|---|
| १ | ५ रोपनी सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.५००।०० |
| २ | ५ रोपनी भन्दा माथि १० रोपनी सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.१०००।०० |
| ३ | १० रोपनी भन्दा माथि प्रतिप्लट (कित्ता /पटक) | रु. १५००।०० |
| **(घ) सिफारिश दस्तुर रु.** | | |
| १ | नाता प्रमाणित | २०० |
| २ | कन्सुलर प्रमाणित | २०० |
| ३. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस | २०० |
| ४ | घर पाताल / घर कायम प्रमाणित | २०० |
| ५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | १०० |
| ६ | मोही लगत कट्टा सिफारिश | २०० |
| ७ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | १०० |
| ८ | अविवाहित प्रमाणित | १०० |
| ९ | विवाह प्रमाणित | १०० |
| १०. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | २०० |
| | (ख) भारतको लागि | ४०० |
| | (ग) अन्य मुलूकको लागि | १००० |
| ११. | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | १०० |
| १२ | हकवाला वा हकदार प्रमाणित | २०० |
| १३ | कागज मन्जूरीनामा प्रमाणित | १०० |
| १४ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | १००० |
| १५ | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा वृद्धि | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | २०००।०० |
| | (ख) आधारभुत विद्यालय | २५००।०० |
| | (ग) माध्यामिक | ३०००।०० |
| १६ | विद्यालय ठाउंसारी सिफारिश | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | १०००।०० |
| | (ख) आधारभुत विद्यालय | १५००।०० |
| | (ग) माध्यामिक | २०००।०० |
| १७ | काठ दाउराको सिफारिस, काठ व्यवसायिक कारोबार सिफारीस प्रति वोट(कुकाठ)/ व्यवसायिक काठ | ३।०० / १००।०० |
| १८. | अंग्रेजी सिफारिश प्रमाणीकरण | २०० |
| १९. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | नि:शूल्क |

| | | |
|---|---|---|
| २०. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | नि:शूल्क |
| २१. | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | १०० |
| २२ | व्यक्तिगत विवरण सिफारिश | १०० |
| २३. | चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु. २०।०० थप) | १०० |
| २४ | सनाखतको सिफारिस | १०० |
| २५ | जन्म , मृत्यू, जीवित रहेको सम्बन्धी प्रमाणित/ सिफारिश | नि:शूल्क |
| २६ | स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस/ प्रमाणित | |
| | (क) स्वदेशमा बसोबास | १०० |
| | (ख) भारतमा बसोबास | २०० |
| | (ग) अन्य मूलुक | ५०० |
| २८ | नाम, थर, जन्म मिति संशोधन सिफारिस/प्रमाणित | १०० |
| २९. | सर्जमिन मूचुल्का | १०० |
| ३०. | अमिन शूल्क प्रति कित्ता | ४०० |
| ३१. | विद्यूत जडान सम्बन्धी सिफारिस | |
| | क) टूफेज | १०० |
| | ख) थ्रिफेज | २०० |
| ३२. | टेलिफोन जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३३. | निजी धारा जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३४. | चारित्रिक सिफारिस | १०० |
| ३५ | उद्योग स्थापना, ठाउंसारी, नामासारी सिफारिश | |
| | घरेलू, लघू तथा साना उद्योग | २०० |
| | मझौला उद्योग | ५०० |
| | ठुला उद्योग | १००० |
| ३६ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | १०० |
| ३७ | छात्रवृत्ति सम्बन्धी सिफारिस स्वदेश | नि:शूल्क |
| ३८ | छात्रवृत्ति सम्बन्धी सिफारिस विदेश | २०० |
| ३९ | अपुताली सम्बन्धी सिफरिश | |
| | (क) नेपाल भित्रको | ५०० |
| | (ख) विदेशको | १००० |
| ४० | विपन्न विद्यार्थी भएको सिफारिश | निशुल्क |
| ४१ | विपन्न सिफारिश | नि:शूल्क |
| ४२ | अपाङ्ग सिफारिश | नि:शूल्क |
| ४३ | नि:शूल्क वा सशूल्क उपचार सिफारिश | नि:शूल्क |
| ४४ | घर बाटो प्रमाणित | २५० |

| | | |
|---|---|---|
| ४५ | जन्म मिति प्रमाणित | १०० |
| ४६ | अस्थायी/स्थायी बसोबास सिफारिश | १०० |
| ४७ | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | २०० |
| ४८ | व्यापार व्यवसाय नभएको सिफारिश | १०० |
| ४९ | कोर्ट फि मिनाहा सिफारिश | ५० |
| ५० | नाबालक परिचयपत्र सिफारिश | १०० |
| ५१ | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | १०० |
| ५२ | सिफारिसको प्रतिलिपी | **५०** |
| **अन्य सिफारिस कागजको** | | |
| ५३ | निवेदन फाराम प्रति पाना | २० |
| ५४ | अनूसुची | २० |
| ५५ | निवेदन दर्ता शूल्क | ५० |
| ५६ | भवन निर्माण दरखास्त फाराम | १०० |
| ५७ | घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तूर | १०० |
| ५८ | मिलापत्र दस्तूर प्रति पक्ष | २०० |
| नोट:आर्थिक सहायता, दीन दू:खीहरुको हकमा अध्यक्ष/ वडाध्यक्षको तोक आदेश अनूसार सिफारिश दस्तुर मिनाहा गर्न सकिनेछ । | | |
| **(ङ)सम्पत्ति /आम्दानी प्रमाणित** | | |
| **ऋण र वैदेशिक रोजगारका लागि** | | |
| १. | रु.१० लाखसम्म | १०००।०० |
| २. | रु.२० लाखसम्म | १,५००।०० |
| ३. | रु.३० लाखसम्म | २,५००।०० |
| ४. | रु.४० लाखसम्म | ३,५००।०० |
| ५. | रु.५० लाखसम्म | ४,०००।०० |
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | १००।०० |
| **अध्ययनको लागि** | | |
| १. | रु.२० लाखसम्मको | १००० |
| २. | रु.३० लाखसम्मको | १५०० |
| ३. | रु.५० लाखसम्मको | २५०० |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | ५०का दरलेथप |
| गाउपालिकाले मुल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको ५ प्रतिशत राजश्व लिइनेछ । | | |
| **च) घर, जग्गा वा सम्पत्ति मूल्यांकन दस्तूर** | | |
| | क) ५ लाख रुपैयासम्म | रु.५००।०० |

| | | |
|---|---|---|
| | ख) ५ लाख देखि १० लाख रुपैयासम्म | रु.१,०००।०० |
| | ग) १० लाख देखि २० लाख रुपैयासम्म | रु.१,५००।०० |
| | घ) २० लाख देखि ५० लाख रुपैयासम्म | रु.२०००।०० |
| | ङ) ५० लाख देखि १ करोड रुपैयासम्म | रु.२५००।०० |
| | च) १ करोड भन्दा माथि कुल मूल्यको थप | ०.००३ प्रतिशत |
| ग) | अंशवण्डा र दानबकसमा | उल्लिखित रकमको ५० प्रतिशत |
| गाउंपालिकाले मुल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको ५ प्रतिशत राजश्व लिइनेछ । | | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम 'लिखु गाउँपालिकाको आर्थिक ऐन, २०७६' प्रमाणीकरण गर्दछु ।

अध्यक्ष : ध्रुव श्रेष्ठ

हस्ताक्षर :

## लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७६

**लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम लिखु गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ: (१)** यस ऐनको नाम " लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३२,००,५१,०००।०० (अक्षेरुपी बतीस करोड एकाउन्न हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त लिखु गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । । सशर्त कार्यक्रममा परेको कार्यक्रमसँग अन्य कार्यक्रम दोहोरो परेमा दोहोरो पर्न गएमा त्यस्तो कार्यक्रम संशोधन गरी अन्य कार्यक्रममा खर्च गर्न सकिनेछ । संशोधित अनुमान भन्दा बढी रकम बचत हुन आएमा कार्यपालिकाले निर्णय गरी आवश्यक विनियोजन गर्न सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशर्त कार्यक्रमको रकम अन्य शीर्षकमा र अन्य शीर्षकबाट सशर्त शीर्षकमा रकम सार्न सकिने छैन तथा एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | ४९५५० | १५७००२ | | २०६५५२ |
| २ | | नेपाल सरकार र प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम | ११३४९९ | | | ११३४९९ |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम 'लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७६' प्रमाणीकरण गर्दछु ।

अध्यक्ष : ध्रुव श्रेष्ठ

हस्ताक्षर :

आज्ञाले
सुरज अर्याल
प्रमुख प्रशासकीय अधिकृत